स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



होली अर्थात फागु रङ्गहरुको पर्व हो । वसन्त ऋतुलाई स्वागत गर्दै मनाइने होली अवसरमा विभिन्न कार्यक्रम समेत आयोजना गरिएको छ । जसमा नेपाली कला क्षेत्रका सेलिब्रेटीहरु सहभागी हुनेछन् । अभिनेत्री प्रियङ्का कार्की होली मनाउन लैनचौरस्थित होटेल मल्लको खुला चौरमा आयोजना हुने कलर स्प्लास कार्यक्रममा सहभागी हुँदै छिन् । मल्ल होटेलपछि उनी गोदावरी भिलेज रिसोर्टमा आयोजना हुने होली कार्यक्रममा सहभागी जनाउँछिन् । जसको जानकारी उनले सामाजिक सञ्जाल मार्फत दिएकी हुन् ।

**आजको विचार...**



युवाको..
(दुई पेजमा)

सोबिता गौतम

अभिनेत्री स्वस्तिमा खड्का भने कुपण्डोलस्थित होटल हिमालयनमा आयोजना हुने होली विशेष कार्यक्रममा सहभागी हुनेछिन् । कलर रस नामको होली विशेष कार्यक्रममा रमाइलो बनाउन उनले सामाजिक सञ्जालबाट आग्रह गरेकी छिन् । अभिनेत्री पूजा शर्माले आफ्नै झम्सिखेलस्थित रेस्टुराँ ट्यागमा होली कार्यक्रम राखेकी छन् । पूजाले भिन्दा-भिन्दै तरि काले ट्यागमा होली कार्यक्रम आयोजना हुने सामाजिक सञ्जालमा जनाएकी छन् । अभिनेत्रीद्वय बेनिशा हमाल तथा साम्राज्ञी राज्यलक्ष्मी शाह पनि मल्ल होटलमा आयोजना हुने कार्यक्रममा सहभागी हुनेछन् ।



❑ वर्ष २९ ❑ अंक २३५ ❑ २०८० चैत ११ गते आइतबार 24 March 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### स्व.रेग्मीको स्मृतिमा श्रद्धाञ्जली सभा



**पाल्पा,** चैत १०/शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल पाल्पाले प्रतिष्ठानका संस्थापक संरक्षक प्रा. डा. प्रकाश राज रेग्मीको ममतामयी माता विमला रेग्मीको स्मृतिमा श्रद्धाञ्जली सभा आयोजना गरेको छ । प्रतिष्ठानले शनिबार तानसेनमा सभा गरेको हो ।

प्रतिष्ठानमा शिक्षा, स्वास्थ्य, साहित्य र स्वयंसेवाका क्षेत्रमा गरी १० वटा पुरस्कार र सम्मानहरू स्थापना भएका छन् । यी पुरस्कारहरू प्रतिष्ठानले हरेक बर्ष मंसिर पूर्णिमाको सेरोफेरोमा प्रदान गर्दै आएको छ । प्रतिष्ठानले स्थापनाकालदेखिनै विमला रेग्मी स्वास्थ्य सेवा पुरस्कारद्वारा उत्कृष्ट नर्सलाई पुरस्कृत गर्दै आएको छ । यस पुरस्कारबाट युनाइटेड मिसन अस्पताल पाल्पाका दर्जनौं नर्सहरू पुरस्कृत भइसकेका छन् । यसका साथै विमला कमल चार वर्षे शैक्षिक छात्रवृत्तिद्वारा विभिन्न विद्यालय र कलेजका गरी डेढ दर्जन विद्यार्थीहरू लाभान्वित भएका छन् ।

# सद्भाव र रंगको पर्व होली :आज र भोलि

## कसैको इच्छाविपरीत रङ लगाइदिए कारबाही हुने

रामचन्द्र रायमाझी

**पाल्पा,** चैत १०/ देशभरी सद्भाव, प्रेम र हर्षोल्लासका साथ मनाइने चाड फागु वा होली वसन्त ऋतुको आगमनसँगै हाम्रो घरआँगनमा भित्रिसकेको छ । प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमा अर्थात् होली पूर्णिमाका दिन रङहरुको होली पर्व मनाउने गरिन्छ । यस वर्षको होली आइतबार (आज) पहाडमा र सोमबार (भोली) तराई/मधेशमा हर्षोल्लासका साथ मनाइँदै छ ।

यो पर्वले हरेक वर्ष वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिएर आउने गर्दछ । वसन्त ऋतुको आगमनलाई स्वागत गर्न भनेर फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म होली खेल्ने परम्परा छ । होलिकै भोलिपल्टबाट ऋतुराज वसन्तको आगमन हुने विश्वास रहेको छ । विशेषगरी, तराईमा विशेष उल्लासका साथ मनाइने होली पछिल्लो समयमा पहाडमा पनि नाचगान गरेर, साथीभाइ एकआपसमा मिलेर मनाउने गरिन्छ । असत्यमाथि सत्यको विजय भएको उत्सवका रूपमा रङ दलेर यो पर्व मनाउने गरिन्छ । आसुरी शक्तिकी द्योतक होलिकालाई आगोले भस्म गरी सत्यवादी भक्त प्रल्हादको उद्धारको कथा, भगवान् कृष्ण र नग्न अवस्थामा गोपिनीले



फाईल फोटो

नुहाउँदाको प्रसंग तथा कामदेव र रतीको प्रेमकथालगायतका प्रसंग होलीसँग जोडिएको कुरा धार्मिक ग्रन्थमा उल्लेख छ । नेपाल, भारत र अन्य राष्ट्रमा हिन्दू तथा गैरहिन्दूहरूका लागि होली महत्वपूर्ण पर्व हो । होली पर्व खासगरी नेपाली तथा भारतीयहरूले प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमाका दिनमा मनाइने प्रमुख चाड हो । हिन्दू संस्कृति अनुसार यसको इतिहास त्रेता युगसँग जोडिएको छ । त्रेता युगमा भगवान् विष्णुका परम् भक्त प्रह्लादसँग यस चाडलाई जोडेर हेरिन्छ । हिरण्यकश्यपुका पुत्र प्रह्लादलाई आफ्नै बहिनी (प्रल्हादकी फुपू) होलिकाले आगोमा भष्म पार्न लाग्दा होलिका आफैं आगोमा भष्म भएकी थिइन् र विष्णु भक्त प्रल्हादलाई केही नभएको त्यही दिनको सम्झनामा होली पर्व मनाउन सुरु भएको मानिन्छ । वास्तवमा भन्ने हो भने होलीले मानिस अनि रंगहरूबीचको सम्बन्ध अनि रंगले पार्ने उत्साहजनक प्रभाव पार्छ भन्ने मान्यता राखिन्छ । होलीका दिन मानिसहरूले एक-अर्कामाथि विभिन्न प्रकारका रंगहरू हालेर एक-अर्कालाई रंगीन बनाउँछन् । फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । यो चाडमा विशेष गरी थकालीहरू रङ्गी बिरङ्गी पोसाकमा सजिएर स-परिवार भेला भई तिर हान्ने प्रतियोगिता गर्छन् । आज पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरू हातमा रङ र रंगीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमङ्गका साथ मनाउँदै छन् । विशेष सांस्कृतिक कार्यक्रमहरू र त्यसमाथि रङहरूको वर्षाले सहरको होली अझै रमाइलो र राम्रो देखिन्छ । होलीमा पानी छ्याप्ने, अबिर, केशरीलगायत रङ लगाउने चलन छ । तर पछिल्लो समय पर्वका नाममा होली खेल्न मन नहुने वा होली नखेलेका व्यक्तिलाई जबर्जस्ती रंग लगाइदिने गरिन्छ । यसलाई रोक्न जिल्ला प्रशासन कार्यालय पाल्पाले भने सबैमा अनुरोध गरेको छ । उसले होलीका अवसरमा लोला हान्ने, पानी छ्याप्ने, जथाभावी रंग दल्ने, बाटोमा ढुकेर बाटो हिड्नेहरुलाई रंग लगाईदिने, सडक अवरोध गरेर सवारी साधनबाट रकम असुल्ने जस्ता अराजक कार्य नगर्न अनुरोध गरेको छ । प्रशासनले सूचना निकालेर यति कोही कतै अराजक गतिविधि गरेको पाइएमा कानुनी कारवाही गर्ने जनाएको छ ।

यस्तै जिल्ला प्रहरी कार्यालय पाल्पाले पनि सभ्य एवं सुरक्षित तवरले होली पर्व मनाउन आम सर्वसाधारणलाई अनुरोध गरेको छ । उसले एक सन्देश जारी गरी होली पर्वलाई सभ्य, शिष्ट, स्वस्थकर र मर्यादित तवरले मनाउन सबैलाई अनुरोध गरेको हो । प्रहरीले आत्मीयरूपमा नजिक भएका व्यक्ति वा आफन्तसँग मात्र होली खेल्न, होली पर्वको नाममा उच्छृङ्खल क्रियाकलाप नगर्न आग्रह गरेको छ । कसैको इच्छाविपरीत रङ, लोला मोबिल, मोसो, केमिकल र फोहरपानी प्रयोग गरेमा कानूनबमोजिम कारबाही गरिने समेत प्रहरीले जनाएको छ । प्रहरीले महँगा गरगहना लगाई होली नखेल्न, ट्राफिक नियमको पूर्ण पालना गर्न, मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाउन, अशक्त, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा पर्यटकलाई कुनै पनि प्रकारको दुर्व्यवहार नगर्न भनेको छ । रेलिङ नभएको छत तथा सडकमा होली नखेल्न, भीडभाड हुने स्थानमा होली नखेल्न, कुनै पनि आपराधिक गतिविधि हुन लागेको वा भएको थाहा भएमा तत्काल नेपाल प्रहरीको हटलाइन नं १०० मा खबर गर्न पनि प्रहरीले अनुरोध गरेको छ ।

## सूचना

***होली पर्व २०८०*** *को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरूमा* ***हार्दिक शुभकामना*** *व्यक्त गर्दछौं । होलीको अवसरमा चैत ११ गते आइतबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक चैत १३ गते मंगलबारमात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ ।* सं.

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# क्षयरोग निवारणमा लागेका छौं : स्वास्थ्य कार्यालय पाल्पा

कृष्ण पोखरेल

**पाल्पा,** चैत १०/जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले नेपाल सरकारको लक्ष्य अनुसार क्षयरोग निवारणमा लागेको बताएको छ । उसले तानसेनमा पत्रकार सम्मेलन गरी नेपाल सरकारको लक्ष्य अनुसार पाल्पालाई पनि क्षयरोग मुक्त जिल्ला बनाउने अभियानमा लागेको बताएको हो ।



सरकारले सन २०३० सम्म ८० प्रतिशत क्षयरोगको उन्मुलन गर्ने, सन २०३५ सम्म क्षयरोगको निवारण गर्ने र २०५० सम्ममा क्षयरोग मुक्त नेपाल बनाउने लक्ष्य लिएको भन्दै स्वास्थ्य कार्यालयले सोही अनुसार पाल्पामा काम भइरहेको जनाएको छ । उसले विश्व क्षयरोग दिवसको अवसर पारेर पाल्पामा क्षयरोगको अवस्था र आफुहहरुले अभियान सफल पार्न गरेका प्रयासहरुका बारेमा जानकारी गराएको छ । कार्यालयका प्रमुख डा.राजेन्द्र गिरीले सरकारको लक्ष्य अनुसार आफुहरुले जिल्लामा अभियानलाई तिव्रता दिइएको बताए । उनले २०३५ सम्ममा जिल्लालाई नगन्य रुपमा लैजाने गरी काम गरेको उल्लेख गरे । डा. गिरीले विरामैहरुकै कारण निवारणमा चूनौति रहेको बताए । उनले भने,'क्षयरोग श्वासप्रश्वासको माध्यमबाट सर्ने, माइक्रोब्याक्टेरियम ट्युबरक्लोसिस नामको सुक्ष्म कीटाणुबाट हुने सरुवा रोग हो । जसको समयमा परीक्षण गराएर औषधि नियमित खानुपर्छ । तर, पाल्पामा क्षयरोगका बिरामीले औषधि नियमित नखाइदिंदा रोगको रोकथाममा चुनौती थपिएको छ ।' उनका अनुसार क्षयरोगका बिरामीहरूले लामो अवधिसम्म उपचार केन्द्रमा आई दैनिक औषधि सेवन गर्नुपर्ने हुन्छ, तर यसलाई झन्झट मानेर धेरै बिरामी नियमित रूपमा औषधि सेवन गर्दैनन् । लगातार दुई हप्ता सम्म लामो खोकि लाग्ने, साँझमा हल्का ज्वरो आउने, शरिर दुख्ने, कमजोरी महसुश हुने, जस्ता लक्षणहरु क्षयरोगीलाई देखिने डा. राजेन्द्र कुमार गिरीले जानकारी दिए । क्षयरोगीले नियमित रुपमा ९ महिनासम्म औषधी सेवन गरेपछि पुर्णरुपमा निको हुने, रोगीलाई औषधी शुरु गरेको १४ दिन पछी अन्य व्यक्तिहरुमा क्षयरोगका किटाणुहरु नसर्ने स्वास्थ्य कार्यालयका सूचना अधिकारी टिकाराम अधिकारीले बताए । सरकारले क्षयरोगको पूर्ण रुपमा निधान गर्नको लागि नि:शुल्क रुपमा स्वास्थ्यकर्मीको निगरानीमा ९ महिनासम्म औषधी सेवन गराउने, नि:शुल्क रुपमा खकार जाँचको व्यवस्था, क्षयरोगीलाई स्वास्थ्य चौकीसम्म आवतजावत गर्नको लागि यातायातको व्यबस्था मिलाइएको समेत स्वास्थ्य कार्यालयले जनाएको छ । पाल्पामा पत्ता लागेका क्षयरोगीहरुको ९० प्रतिशतको उपचार पुर्णरुपमा सफल भएको बताइएको छ । गत वर्ष पाल्पामा ३ सय ३४ जना क्षयरोगी भेटिएका थिए जसमा २५ जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा सबै ६० बर्ष भन्दा माथी उमेरका क्षयरोगसँगै अन्य जटिल प्रकार रोगहरु भएका व्यक्ति रहेको कार्यालयले जनाएको छ । यस बर्ष श्रावण देखी फागुन मसान्तसम्म २ सय २७ जना क्षयरोगी भेटिएका छन् । पाल्पाका १० वटै पालिका, मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा नि:शुल्क क्षयरोगको खकार परीक्षण हुँदै आएको छ ।

# 'पर्यटनमा स्वावलम्बी बन्न सके रेमिट्यान्सको भर पर्नु पर्दैन'





**पाल्पा,** चैत १०/लेखक तथा पर्यटन व्यवसायी कर्ण शाक्यले कृषि, पर्यटन र स्वास्थ्यको क्षेत्रमा स्वावलम्बी बन्न सकेमा मात्र रेमिट्यान्सको भर पर्नु नपर्ने बताएका छन् । शनिबार ग्रीन फर गुड नेपालले तानसेनमा आयोजना गरेको कार्यक्रममा सकरात्मक सोंच, पर्यापर्यटनका बारेमा आफ्ना धारणा राख्दै शाक्यले यस्तो बताएका हुन् । उनले कृषि, पर्यटन र स्वास्थ्यका क्षेत्रमा प्रचुर सम्भावना भएकाले त्यसको बढी भन्दा बढी उपयोग गरी आयआर्जन गर्न सके विदेशी रेमिट्यान्समा भर पर्नु नपर्ने धारणा व्यक्त गरे । 'हामी कृषि, पर्यटन र स्वास्थ्यको क्षेत्रमा स्वावलम्बी बन्न सकेमा मात्र विदेशबाट रेमिट्यान्सको भर पर्नु पर्दैन' शाक्यले भने,'वातावरण संरक्षण गर्दै पर्यटनको क्षेत्र विस्तार गर्न सांस्कृतिक र प्राकृतिक मुहान जोगाउन आवश्यक छ ।' **...बाँकी अन्तिम पेजमा**

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## होली मनाऔं, सभ्य बनौं

मानव इतिहासको आरम्भदेखि वसन्त ऋतुको आगमनको स्वागत गर्ने परम्परा रहँदै आएको छ । देशभरी सद्भाव, प्रेम र हर्षोल्लासका साथ मनाइने चाड फागु वा होली वसन्त ऋतुको आगमनसँगै हाम्रो घरआँगनमा भित्रिसकेको छ । पहाडी भू–भागमा आज र तराईमा भोलि होली मनाइँदैछ । विभिन्न थरीका रंगले खुसी अनि जीवन रंगीन बनाउने, हिन्दूहरूको प्रमुख पर्वको रुपमा रहेको होली पर्व हिन्दू संस्कृतिमा प्रत्येक वर्षाको फागुन शुक्ल पूर्णिमा अर्थात् होली पूर्णिमाको दिन मनाइन्छ । अन्य ठूला–ठूला चाड जस्तै रमाइलो गरी मनाइँने होली नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरूको एउटा महत्वपूर्ण चाड हो । हिन्दू धर्म मान्नेहरुको बाहुल्य भएको नेपालमा होलीको रौनक पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भव्य हुन्छ ।

सद्भाव, सौन्दर्य र रस रङ्को रङ्गीन पर्व, जातिपाति, छुवाछुत, सानो, ठूलो, धनी र गरिबको भेदभावलाई भुलेर एउटै रङ्गमा रङ्गिने फागु पर्व समता र सद्भावको प्राकृतिक स्रोत हो । प्राकृतिक सौन्दर्य र रस रङ्को उमङ्गले सबैलाई तरङ्गित तुल्याउने फागु आनन्द र उल्लासको रङ्गीचङ्गी चाड हो । यद्यपी होलीको नाममा कसैको इच्छा विपरीत रङ छ्याप्ने, लोला हान्ने, फोहोर पानीमा मोबिल लगायत वस्तु राखेर बाटोमा खेल्ने गरिन्छ । यो चाँहि राम्रो होइन् । यस्ता गतिविधिले संस्कृतिको जगेर्ना नभई बदनामी मात्र गर्दछ । देश भित्र बसोवास गर्ने अधिकांश समुदायको साँस्कृतिक पर्वका रुपमा रहेको होलीलाई मनोरञ्जनका रुपमा मात्र मनाउँदा विकृतपूर्ण बन्दै गएको छ । यसका लागि युवावर्ग सचेत हुन आवश्यक छ । जहाँ, जसरी मनाउने गरे पनि आखिरमा यसपर्वको उद्देश्य एकआपसमा भाइचारा बढाउने, असत्यमाथि सत्यको विजय, खुसीयाली बाँड्नु नै हो । यसर्थ पर्वको नाममा भित्रिएका विभिन्न खालका नकारात्मक विकृति विसंगतिको अन्त्य गर्दै सकारात्मक सोंचका साथ निःस्वार्थ भावनाले आफ्नो घरपरिवार, आफन्त, साथीभाइ, छिमेकी एक आपसमा हाँस्दै, रमाउदै माया, प्रेम साटासाट गरेर मर्यादित तरिकाले यस वर्षाको होली पर्व मनाऔं । यस्ता पर्व पूर्खाले सुम्पेका सम्पत्ति हुन् । यिनलाई जोगाउन सकिएन भने पर्वको महत्व कम हुँदै जानेछ । तसर्थ होली पर्वलाई सभ्य र सुसंस्कृति तरिकाले मनाऔं सबैमा होलीको शुभकामना !

### Opinion @ Social Network

जीवन भन्दा ठूलो कुनै विद्यालय छैन,
कठिनाइ भन्दा ठूलो कुनै परीक्षा छैन,
अनि समय भन्दा ठूलो कुनै शिक्षक छैन ।
*(कृष्ण अर्यालको फेसबुक स्टाटसबाट https://www.facebook.com/krishna.aryal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवाका लागि पार्ट टाइम काम, नीतिमै काम गरौं



सोबिता गौतम

*भारतमा नीति आयोगको प्रतिवेदन अनुसार सन् २०३० सम्ममा २ करोड ३५ लाख मानिस अनौपचारिक क्षेत्रमा हुने अनुमान गरी 'गिग इकोनोमी पोलिसी' लागू गरिदैछ। अब नेपालमा पनि छिटोभन्दा छिटो अनौपचारिक क्षेत्रलाई राष्ट्रिय आर्थिक प्रणालीमा जोड्ने अनि पार्ट टाइम जब लागू गर्ने गरी नीति लिनु आवश्यक छ । युवाहरू आर्थिक हिसाबले आत्मनिर्भर हुन चाहन्छन् । तर अहिले बुवा–आमासँग निर्भर हुनुपर्ने, बुवाआमा सम्पन्न नभए पढाइ नै छोडेर काम गर्न जानुपर्ने र धेरै जस्तो व्यावसायिक संस्थाले त सरकारले तोकेको न्यूनतम तलबसम्म पनि नदिने अवस्था छ । यस्तो अवस्थामा नेपालमा युवाको लागि पार्ट टाइम कामको नीति हुने हो भने युवाहरू पढाइसँगै काम पनि गरेर आफैं आत्मनिर्भर हुनसक्ने थिए । बिहान क्याम्पस पढे दिउँसोको समय ५/६ घन्टा नै काम गर्न र दिउँसोमा पढाइ भए बिहान–बेलुका गरेर ४/५ घन्टा काम गर्न सक्छन् । अहिले आर्थिक हिसाबले मध्यम वा उच्चवर्गीय परिवारमा खासै छोराछोरीलाई काम गर्न पठाउने चलन छैन, पढाइ सकेर काम गर्ने हो भन्ने सोच हावी छ । तर यही वर्गका युवा विदेश गए काम गर्न जाने गरेको देखिन्छ । अब नेपालमा पनि सबै घरहरूबाट आफ्ना छोराछोरीलाई काम गर्न प्रेरित गर्नुपर्ने देखिन्छ । समाजमा श्रम संस्कृतिको विकास गर्नुपर्ने देखिन्छ ।*

पछिल्लो तथ्यांकले नेपालमा युवाको जनसंख्या ४२-४५ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ। यो जनशक्ति कामको खोजी लगायत विभिन्न बहानामा प्रत्येक दिन विदेशिने गरेको देखिन्छ । यसको दुष्प्रभाव विस्तारै समाजमा देखिन थालिसकेको छ । व्यवसाय सुक्दै गैरहेको छ । बजार सुक्नुका अनगिन्ती कारण हुनसक्छन् तर तीमध्ये एक कारण उपभोग्य जनशक्ति विदेशिनु पनि हो। यस्तो प्रवृत्तिले बजारले उपभोक्ता पाउन सकेको छैन । देशमा अडिएका युवाहरू पनि धेरै बेरोजगारै बस्न बाध्य छन् । उनीहरूसँग भलाकुसारी गर्ने हो भने सबै विदेशिने तयारी गरिरहेको भान हुन्छ । यही गतिमा नेपालको अर्थतन्त्र अगाडि बढ्ने हो भने अगाडिका दिनहरू झन् असहज रहनेछन् ।

त्यसो त नेपालमा उद्यम गर्ने चाहना भएका युवा नभएका पनि होइनन् तर उद्यम गर्नेहरूको लागि भनेर पाइने विशेष सहुलियतमा सबैको पहुँच छैन भने बजार अत्यधिक महँगो हुनाले उद्यमीलाई व्यवसाय चलाउनै मुस्किल छ । यस्तो जटिल परिस्थितिमा गाँठो फुकाउने नीति बन्न सक्छ अंशकालीन रोजगारी नीति (पार्ट टाइम जब पोलिसी) । अहिले नेपालको अनौपचारिक क्षेत्रको हिस्सा लगभग ६२ प्रतिशत रहेको अनुमान छ। यो क्षेत्रलाई औपचारिक रूपमा देशको अर्थव्यवस्थासँग जोड्न सके देशको अर्थतन्त्रको आकार पनि अलि फराकिलो हुनेथियो । भारतमा नीति आयोगको प्रतिवेदन अनुसार सन् २०३० सम्ममा २ करोड ३५ लाख मानिस अनौपचारिक क्षेत्रमा हुने अनुमान गरी 'गिग इकोनोमी पोलिसी' लागू गरिदैछ। अब नेपालमा पनि छिटोभन्दा छिटो अनौपचारिक क्षेत्रलाई राष्ट्रिय आर्थिक प्रणालीमा जोड्ने अनि पार्ट टाइम जब लागू गर्ने गरी नीति लिनु आवश्यक छ । युवाहरू आर्थिक हिसाबले आत्मनिर्भर हुन चाहन्छन् । तर अहिले बुवा-आमासँग निर्भर हुनुपर्ने, बुवाआमा सम्पन्न नभए पढाइ नै छोडेर काम गर्न जानुपर्ने र धेरै जस्तो व्यावसायिक संस्थाले त सरकारले तोकेको न्यूनतम तलबसम्म पनि नदिने अवस्था छ । यस्तो अवस्थामा नेपालमा युवाको लागि पार्ट टाइम कामको नीति हुने हो भने युवाहरू पढाइसँगै काम पनि गरेर आफैं आत्मनिर्भर हुनसक्ने थिए । बिहान क्याम्पस पढे दिउँसोको समय ५/६ घन्टा नै काम गर्न र दिउँसोमा पढाइ भए बिहान-बेलुका गरेर ४/५ घन्टा काम गर्न सक्छन् । अहिले आर्थिक हिसाबले मध्यम वा उच्चवर्गीय परिवारमा खासै छोराछोरीलाई काम गर्न पठाउने चलन छैन, पढाइ सकेर काम गर्ने हो भन्ने सोच हावी छ । तर यही वर्गका युवा विदेश गए काम गर्न जाने गरेको देखिन्छ । अब नेपालमा पनि सबै घरहरूबाट आफ्ना छोराछोरीलाई काम गर्न प्रेरित गर्नुपर्ने देखिन्छ । समाजमा श्रम संस्कृतिको विकास गर्नुपर्ने देखिन्छ । काम जस्तोसुकै होस् तर काम चैं गर्नुपर्छ भन्ने चेतना समाजमा हुनुपर्दछ। मान्छेले काम गर्दै गएपछि आफ्नो अनुभव र सीप अनुसार राम्रो रोजगारीको अवसर आफैं भेट्ने देखिन्छ । यसो हुँदा युवा आर्थिक हिसाबले आत्मनिर्भर हुँदै भविष्यमा राम्रो रोजगारी पाउने सम्भावना हुन्छ । पैसा कमाउन जति महत्वपूर्ण छ, जीवन पढ्न पनि उति नै महत्वपूर्ण छ । जीवनका गल्ती तथा अनुभवबाट पाठ सिक्न त्यति नै महत्वपूर्ण छ ।

पार्ट-टाइम कामले आत्मनिर्भर युवा सहितको समाज सिर्जना गर्छ। अंशकालिक कामले युवा मूल्यवान् सीप र अनुभवद्वारा सुसज्जित हुन्छन्। समस्या समाधानको शिल्पले उनीहरूको आत्मविश्वास बढ्छ । सम्पर्क र सम्बन्धहरू विस्तार हुन्छन् । पैसा कमाउँदाको दुःख बुझेपछि उनीहरूले पैसाको मौद्रिक मात्र होइन, अनेकौं आयामबाट मूल्यहरू बुझ्छन्। उनीहरूको वित्तीय साक्षरता बढ्छ र स्वतन्त्र नागरिक बन्ने आधार पैदा हुन्छ । यो नै आर्थिक समृद्धिको आधार बन्न सक्छ । पार्ट-टाइम कामले युवा विद्यार्थीको सामाजिक जीवनको क्षितिज फराकिलो हुन्छ । आत्म-खोज र सामाजिक संलग्नतामा वृद्धि हुन्छ। काममा जोडिनुअघि युवा विद्यार्थीले करिअरबारे सही निर्णय गर्न नसकिरहेका हुनसक्छन् । व्यावहारिक रूपमै काममा होमिएपछि उनीहरूको आफ्नो रोजाइको परीक्षण पनि हुन्छ । आफूलाई गर्न मन लागेको काम गर्दा कतिपय युवापुस्ताको लागि अंशकालीन काम भविष्यको करिअर पत्ता लगाउने अवसर बन्न सक्छ। यसले युवापुस्तालाई कुलतको बाटोबाट पनि टाढा राख्न मद्दत पुर्‍याउँछ। पार्ट-टाइम कामको नीति लागू हुने हो भने अपाङ्गता भएका व्यक्ति, गृहिणी र सेवा निवृत्त ज्येष्ठ नागरिकसम्मले सहज रूपमा काम गर्न सक्ने वातावरण सिर्जना हुनसक्छ । कोही युवाले स्टार्ट अप गर्न चाहन्छ भने पनि पार्ट टाइम काम गरेर आफ्नो ड्रिम प्रोजेक्टको लागि सेभिङ गर्ने र स्टार्ट-अप गर्ने पनि हुनसक्छ। उद्यम गर्नेको लागि एउटा राम्रो अवसर पनि हो । पार्ट-टाइम जब नीतिले देशमा धेरैभन्दा धेरै स्टार्ट-अपहरू जन्माउन पनि मद्दत पुग्छ जसको प्रत्यक्ष योगदान देशको अर्थतन्त्रमा हुन्छ ।

अर्थतन्त्र चलायमान हुने र धेरैभन्दा धेरै कारोबार भइरहने कारणले यो नीतिले लक्षित वर्गलाई मात्र होइन देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा पनि योगदान पुर्‍याउन मद्दत पुग्छ । यो नीति लक्षित वर्गको लागि मात्र नभएर व्यावसायिक संस्था र उद्यमीहरूको लागि पनि उत्तिकै प्रभावकारी हुनेछ । आफूलाई चाहिएको काम जिम्मा लिएर गर्ने व्यक्ति भए महिनाभरिको तलब दिएर कामदार राख्नुपर्ने झन्झटबाट मुक्त हुन सकिन्छ । यसले व्यावसायिक संस्थाको खर्च कम हुन्छ । साथै श्रम संस्कृतिको विकास गर्न सकिन्छ । बजारमा धेरै युवा कामकै खोजीमा हुन्छन् र विभिन्न प्लेटफर्मको मद्दतले आफूलाई चाहिएको जस्तो सीपयुक्त कामदार खोज्न पनि सहज हुन्छ । मार्केटमा प्रतिस्पर्धा हुने हुँदा राम्रो नतिजा दिने कामदारको बढी माग हुने र कामदारले पनि राम्रो नतिजा दिने अभ्यासको विकास हुन्छ । उपभोक्ताको लागि पनि यो नीतिले धेरै हदसम्म मद्दत पुर्‍याउँछ । बजार स्वतः प्रतिस्पर्धी हुने हुनाले गुणस्तर र सुलभ हुने गरी धेरै विकल्प उपलब्ध हुन्छन् र उपभोक्ताले आफ्नो चाहना अनुसारको उत्पादन वा सेवा मार्केटबाट पाउन सक्छन् । अंशकालीन काम किताबमा पढेका सैद्धान्तिक ज्ञानलाई व्यावहारिक ज्ञानमा रूपान्तरण गर्ने महत्वपूर्ण अवसर सावित हुनेछ । यसले विद्यार्थीलाई कक्षाकोठा सिकाइको सीमितताबाट बाहिर निकाल्छ । कडा परिश्रम, समर्पण र लगनशीलताको मूल्य जगाउँछ । यसले युवामा उद्यमशीलता र नवीनतालाई बढावा दिन्छ, व्यक्तिगत, पारिवारिक, आर्थिक, सामाजिक चुनौतीको नवीन समाधानहरू खोज्न अभिप्रेरित गर्छ, तिनीहरू परिवर्तन र प्रगतिको लागि उत्प्रेरक बन्छन् । जोखिम लिन सक्ने अनुभव र क्षमता बढ्छ । युवा पुस्तालाई उद्यमी, इन्नोभेटर र परिवर्तनकर्ता बन्ने बाटोमा हिंडाउन भूमिका खेल्छ । त्यसैले युवाका लागि बहुआयामिक र दूरगामी फाइदा रहेका अंशकालिक रोजगार नीति बनाउन र त्यसको कार्यान्वयन गर्न ढिला गर्नुहुँदैन । यो अध्ययन र रोजगारीका लागि विदेशिने विशाल जमातलाई स्वदेशमै रोक्ने कामको पहिलो खुट्किलो बन्न सक्नेछ ।

**-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । | **तुला** : गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । |
| **वृष** : खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ, तर साँझमा भने मनमा हर्ष छाउनेछ | **वृश्चिक** : वाणीमा कुशलता आउने दिन परेको छ,यात्रा गर्ने अवसर पनि जुट्नेछ |
| **मिथुन** : प्रतिस्पर्धीहरूलाई किनारा लगाउँदै महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिनेछ । | **धनु** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कर्कट** :घरमा कुटुम्बको आगमन र परिवारमा सदस्य थपिन पनि सक्ने सम्भावना छ । | **मकर** : यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ, आफन्तको साथ र सहयोग पाइनेछ । |
| **सिंह** :परोपकारी कार्यमा संलग्न भइनेछ । प्राविधिक कार्यमा फाइदा हुने समय पनि छ । | **कुम्भ** : आजको दिन मनोरञ्जनपूर्ण रहने छ । व्यवसायिक क्षेत्रबाट पनि लाभ हुनेछ । |
| **कन्या** : दवाब र तनाव बढेको महसुस हुनेछ । परीवारमा खिन्नता बढ्नेछ । | **मीन** :आफन्तजनसँग सम्बन्ध कायम हुने छ ।रोकिएका काम पुन :सुरु हुन सक्छ । |

## कृषि

# चैते धानका लागि कति चाहिन्छ मलखाद ?



चैते धानको खेती गर्ने किसानले माघको दोस्रो साता आसपास बिउ छरेको खण्डमा राम्रो उत्पादन लिन सकिन्छ । त्यसैले चैते धान खेती गर्ने योजनामा रहेका किसानका लागि अहिले धानको बिउ छर्ने उपयुक्त समय हो । 'अन्तराल सिँचाइ प्रविधि'बाट चैते धान खेती गरेमा ३० प्रतिशत पानी बचत गर्न सकिने र यो प्रविधिबाट चैते धानको राम्रो उत्पादन लिन सकिने राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम हर्दिनाथका पूर्वसंयोजक तथा वरिष्ठ धान बाली वैज्ञानिक तथा डा. रामवरण यादवले बताए । 'जब रातिको औसत तापक्रम १० डिग्री सेन्टिग्रेड हुन्छ, तब चैते धानको बिउ राख्न सकिन्छ,' उनले भने, 'बिउ दुई किसिमले राखिन्छ, एउटा हिले ब्याड र अर्को धुलो ब्याड । यदि खेतमा चिस्यान नभए केही अगाडि सिँचाइ गरेर धान छर्न सकिन्छ ।' बर्खे सिजनको तुलनामा हालको सिजनमा धान उम्रन समय लाग्ने डा. यादवले बताए । 'बर्खा सिजनमा धान उम्रन एक हप्ता लाग्छ भने चैते धान उम्रन १५ दिनसम्म समय लाग्न सक्छ,' उनले थपे, 'किनभने राति तापक्रम घटेको हुन्छ, दिउँसो बढेको हुन्छ, चैते धानका लागि अजकल नै बिउ राख्दा एकदम राम्रो हुन्छ ।' डा. यादवका अनुसार दुई तरिकाले चैते धानको बिउ राख्न सकिन्छ । एउटा हिले र अर्को धुले ब्याड । पश्चिम क्षेत्रमा हिले ब्याड राखिन्छ । त्यसका लागि अहिलेको समय राम्रो मानिने डा. यादवले बताए । 'धेरै चिसो छ भने प्लास्टिक टनेल बनाउन सकिन्छ,' उनले भने, 'चितवनमा प्लास्टिक घर बनाएर तह-तह गरेर टाँडजस्तै बनाएर, प्लास्टिक वा ट्रेमा ५ सेन्टिमिटर माटो राखेर धानको बिउ राख्छन् । यसो गरेर क्षेत्रफल पनि बचाउन सकिन्छ, चिसोबाट पनि धानको बेर्ना बचाउन सकियो ।

**दुई फरक समयमा चैते धान रोपिन्छ**

नेपालमा दुई फरक सिजनमा चैते धान खेती गरिएको पाइएको छ । कसैले गहुँ काटेर र कसैले तोरी वा आलु भित्र्इसकेपछि चैते धान रोप्ने गरेको डा. यादवले बताए । 'गहुँ काटेर धान खेती गर्ने हो भने फागुन १० गतेपछि बिउ राख्दा हुन्छ,' उनले भने, 'तोरी र आलु भित्र्याएर धान खेती गर्ने हो भने अहिलेको समयमा बिउ राख्नु पर्छ, अहिले राखेको बिउ छिटो रोपाइँ गर्न सकिन्छ र फसल लिँदा कम नोक्सान हुन्छ ।'

**चैते धान खेतीका लागि कुन बिउ राम्रो ?**

सामान्यतया धानको २० दिनको बेर्ना रोपाइँका लागि उपयुक्त मानिन्छ । तर चैते धानको बेर्ना उम्रन १५ दिन लाग्ने भएकाले करिब ३५ दिनमा बेर्ना तयार हुने डा. यादवले बताए । उनले यो वर्ष चैते धान रोपाइँका लागि चैते धान-५ जातको बिउ लगाउन सुझाएका छन् । 'चैते धान-५ जातको धानले उत्पादन बढी दिन्छ, यसको करिब ५ टन प्रतिहेक्टर उत्पादन क्षमता छ,' उनले भने, 'यो जातको धान चाँडो तयार हुनका साथै उत्पादन क्षमता बढी छ, यो धान खानामा पनि स्वादिलो छ ।' चैते धान-५ जातको धानमा रोग र किराको प्रकोप कम रहने गरेको छ । 'सिफारिस गरिएको धेरै धानका जात छन्,' डा. यादवले भने, 'चितवन, झापातिर हर्दिनाथ-१ जातको धानमा निक ब्लस्ट रोग देखिएको छ, त्यसकारण चितवन, झापातिर हर्दिनाथ ३ र चैते धान ५ लगाउँदा राम्रो हुन्छ ।'

**सिँचाइमा ३० प्रतिशत पानी बचत**

धान उत्पादन गर्नका लागि २० देखि २२ पटक धान खेतमा पानी लगाउनु पर्छ । डा. यादवका अनुसार धान रोपेपछि ५ सेन्टीमिटर लगातार पानी भइराख्नु पर्ने मानसिकता छ । तर हालको अनुसन्धानले 'अल्टरनेट ट्राइङ इरिग्रेशन'बाट कम पानीमा पनि धान खेती गर्न सकिन्छ । यो प्रविधिमा सिँचाइ गरिसकेपछि धान खेतमा चिरा परेपछि मात्र पानी लगाउने भन्ने छ । कुनै खेतमा चिम्ट्याइलो माटो, कुनैमा बलौटे माटो हुने भएकाले यो प्रविधिबाट पानी कहिले पटाउने भन्ने थाहा पाउन समस्या भएको डा. यादवले उल्लेख गरे । 'बजारमा पाइने ३० सेन्टीमिटरको प्लास्टिक पाइपलाई २० सेन्टिमिटर जमिनभित्र गाड्ने र १० सेन्टिमिटर जमिन बाहिर राख्ने,' उनले भने, 'यसरी पानी पठाउने, जमिनभित्र गाडेको पाइपको पानी नसुक्दासम्म अर्को पानी नपठाउने, यसरी गरेर ३० प्रतिशत पानी बचाउन सकिन्छ ।'

**मलको मात्रा कति ?**

बिरुवा अनुसार मलखादको मात्रा फरक-फरक हुन्छ । नेपाल कृषि अनुसन्धान परिषद् 'नार्क' ले चैते धान उत्पादनका लागि प्रतिहेक्टर १०० केजी नाईट्रोजन, ३० केजी फस्फोरस, ३० केजी पोटास र २० केजी जीङ्क सल्फेट प्रयोगका लागि सिफारिस गरेको छ । कम्पोष्ट मल भने धान रोपाइँ गर्नुभन्दा १५ दिन अगाडि जोतेर माटोमा मिलाउनुपर्छ । नार्कले प्रतिकठ्ठा कम्पोष्ट मल २ सय किलो अर्थात् ७ देखि ८ डोको प्रयोग गर्न सिफारिस गरेको छ ।

यो मल प्रतिरोपनी ३ सय अर्थात् १० देखि १२ डोको प्रयोग गर्न सिफारिस गरिएको छ । यसैगरी प्रतिकठ्ठा ६.४ किलो युरिया, डीएपी २.२ किलो र पोटास १.७ किलो प्रयोग गर्न नार्कले सिफारिस गरेको छ । प्रतिरोपनी ९.६ किलो युरिया, २.२६ किलो डीएपी र २.५ किलो पोटास प्रयोग गर्न नार्कले सिफारिस गरेको छ ।

**खेतमा मलखाद व्यवस्थापन कसरी गर्ने ?**

धानको बढी उत्पादन लिन मलखादको सन्तुलित प्रयोग गर्नुपर्ने हुन्छ । माटोलाई स्वस्थ राख्न र बढी उत्पादन लिन रासायनिक मलकोसाथै प्रशस्त मात्रामा प्राङ्गारिक मल प्रयोग गर्नु पर्ने बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रले 'चैते धान खेती प्रविधि' हाते पुस्तिकमा उल्लेख गरेको छ । नेपालमा अझै धेरैजसो कृषकले नाइट्रोजनयुक्त रासायनिक मल 'युरिया' मात्र धान बालीमा प्रयोग गरेको पाइको छ ।

यसले गर्दा बाली हलक्क बढेर ढल्ने तर रोग किराको आक्रमण पनि बढ्ने हुन्छ । साथै लगातार असन्तुलित मल अर्थात् नाइट्रोजनयुक्त युरिया मलमात्र प्रयोग गर्दा केही वर्षपछि माटोमा प्राङ्गारिक पदार्थ कम हुन गई माटोको उर्वराशक्ति ह्रास हुनुका साथै माटो कडा भई खनजोत गर्दा ठुला डल्ला निस्किन्छ, जसले गर्दा जमिन तयार गर्दा बढी खर्च लाग्छ । त्यस कारण नाइट्रोजन सँगसँगै फस्फोरस, पोटासियम र अन्य सुक्ष्मतत्वको पनि प्रयोग गर्नुपर्छ ।

केन्द्रका अनुसार धान बालीमा जिङ्क सुक्ष्मतत्वको कमी प्राय : देशभरि नै देखिएका कारण जिङ्कको प्रयोग आवश्यक हुन सक्छ । जिङ्क कमी भएको जग्गामा २० किलो प्रतिहेक्टरका दरले जिङ्क सल्फेट '२२ देखि ३५% जिङ्क तत्त्व भएको' प्रयोग गर्नुपर्छ र एक वर्ष सो मात्राको जिङ्क सल्फेट प्रयोग गरेमा कम्तीमा तीन वर्ष पुन : प्रयोग गर्नु पर्दैन । रासायनिक मलको परिमाण भने माटोको उर्वराशक्ति, अघिल्लो बाली, कम्पोष्ट मलको परिमाण र धानको जातमा भर पर्छ । सकभर मलखादको प्रयोग माटो परीक्षण रिपोर्ट आधारमा गर्नुपर्छ । १ मेट्रिक टन धान उत्पादन गर्न २० केजी नाइट्रोजन ११ केजी फस्फोरस र ३० केजी पोटासियम आवश्यक पर्ने केन्द्रले उल्लेख गरेको छ ।

*-रातोपाटी डटकम*

> *नेपालमा अझै धेरैजसो कृषकले नाइट्रोजनयुक्त रासायनिक मल 'युरिया' मात्र धान बालीमा प्रयोग गरेको पाइको छ । यसले गर्दा बाली हलक्क बढेर ढल्ने तर रोग किराको आक्रमण पनि बढ्ने हुन्छ । साथै लगातार असन्तुलित मल अर्थात् नाइट्रोजनयुक्त युरिया मलमात्र प्रयोग गर्दा केही वर्षपछि माटोमा प्राङ्गारिक पदार्थ कम हुन गई माटोको उर्वराशक्ति ह्रास हुनुका साथै माटो कडा भई खनजोत गर्दा ठुला डल्ला निस्किन्छ, जसले गर्दा जमिन तयार गर्दा बढी खर्च लाग्छ । त्यस कारण नाइट्रोजन सँगसँगै फस्फोरस, पोटासियम र अन्य सुक्ष्मतत्वको पनि प्रयोग गर्नुपर्छ ।*

# हिल्दुम गाउँका किसान तरकारी खेतीमा आकर्षित



हुम्लाको सिमकोट गाउँपाकि-४ हिल्दुम गाउँका पुरै किसान यतिबेला तरकारी खेतीमा व्यस्त छन् । ५६ घरधुरी रहेको हिल्दुम गाउँका किसानले केही वर्ष यतादेखि गाउँमै तरकारी राम्रो फलाउँदै आएका छन् । सुरु सुरुमा गाउँका एक, दुई जना किसानले प्लाष्टिकको घर 'ग्रीनहाउस' निर्माण गरी तरकारी खेती गर्दै आएका थिए । भने पछिल्ला केही वर्षहरुमा पुरै गाउँ नै तरकारी खेतीमा आर्कषित भएर राम्रो उत्पादन गर्दै आएको गुणनेवर इन्टरनेसनलका कृषि प्राविधिक जङ्ग बहादुर शाहीले बताए । उनले भन्ने, 'अहिले आफ्नो संस्थाले नौ जना हिल्दुम गाउँका किसानलाई तरकारी खेतीका लागि प्लाष्टिक, हजारी, रबरको पाइप र तरकारीको विउ सहयोग गरेको छ ।' हिल्दुम गाउँका किसानलाई विस्तारै तरकारीमा आत्मनिर्भर बनाउने तर्फ आफु लागेको शाहीले बताए ।' व्यवसायिक कृषि अँगालेका किसान मेहनत अनुसारको कमाइबाट सन्तुष्ट छन् ।

कृषि गर्नेमा अधिकांश पाका उमेरका छन् । बेलाबखत पाइने तालीम, अनुदान र उपकरण सहयोगले पनि किसानलाई तरकारी खेतीमा प्रोत्साहन मिल्ने गरेको शाहीले बताए । हिल्दुम गाउँमा उत्पादित तरकारी खपत हुने मुख्य बजार सदरमुकाम सिमकोट हो । तरकारीसँगै अन्नबाली, खेत खनजोत, गाइवस्तु, र मौरीपालनमा समेत किसान व्यस्त छन् । तरकारी खेतीबाट आफ्नो परिवारको जीविका चलेको स्थानीय महिला धुनसुबा सुनारले बताए । तरकारीमा साग, काउली, बन्दा, धनीयालगायत उत्पादन गर्दै आएको सुनारले जानकारी दिए । कृषक सुनारले भन्ने, 'एक डोको साग र धनीयाँ सदरमुकाम सिमकोटमा विक्री भयो भने रु १२ सय देखि १५ सय सम्म आम्दानी हुने गर्दछ ।' 'दैनिक विक्री गर्न पाए आम्दानी राम्रो हुने सुनारको भनाई छ ।' 'तर हप्ताको तीन,चार दिन तरकारी विक्री गर्न सदरमुकाम सिमकोट पुग्ने गरेको उनले बताए ।' बालबच्चाको कापी कलमदेखि घरमा नुन, तेल किन्न पुगेको सुनारले बताए । उसो त तरकारी खेती गर्दा रोग लागेमा स्थानीय प्रविधिबाट औषधि बनाएर रोग नियन्त्रण गर्ने गरेको उनले बताए । ४५ वर्षिय सकुन्तला शाही पनि कृषि काममा व्यस्त हुनु हुन्छ । यतिबेला ग्रीनहाउसमा तरकारी फलाउनमा व्यस्त देखिएका छन् । हिउँदको समयमा गाउँमा उत्पादीत तरकारीले बजार राम्रो पाउने गरेको कृषक शाहीको भनाई छ । वर्षायामको सिजनमा सबैले तरकारी खेती गरेर उत्पादन गर्ने हुने हुँदा खपत कम हुने गरेको शाहीले बताए । हिउँद याममा आफु जस्ता किसानका लागि आम्दानीको श्रोत राम्रो हुने भएको उनले बताए । आजभोली सदरमुकाममा लिएर एक मुठा साग र धनियाँको रु तीस रुपैयाँ र काउली, बन्दाको रु चालीस रुपैयाँमा विक्री गर्दै आएको उहाँको भनाई छ । एक दिनमा रु दुई हजारसम्म आम्दानी हुने गरेको शाहीले बताए । हिल्दुम गाउँका किसानले कसैले विभिन्न कृषिसम्बन्धि काम गर्ने संघ संस्थाबाट प्लाष्टिकको पाल सहयोग पाएका छन्, भने कसैले आफ्नै व्यक्तिगत लगानी गरेर पाल किनेर तरकारी खेतीमा रमाउँदै आएका छन् । गाउँका सबैले यतिबेला आफ्नो घर अगाडी रहेका खेतबारीमा तरकारी फलाउँदै आएका छन् । गाउँमा फलाएको तरकारी विक्री गर्न सदरमुकाम सिमकोट लिन ३० मिनेट समय लाग्ने गरेको छ । गाउँमा सडकले नछोएको भएपनि कृषकले तरकारी डोकामा बोकेर विक्री गर्न सिमकोट पुग्ने गर्दछन् । युवा पुस्तामा तरकारी खेतीको आकर्षण नदेखिएपनि गाउँमा रहेका उम्मेर छिपिएका महिला पुरुषले यो व्यवसाय गर्दै आएका छन् । गाउँमा सिँचाइ नभए पनि वर्षायाममा यहाँका किसानले आकाशे पानीको भरमा तरकारी फलाउँदै आएका छन् । हिउँदयाममा भने प्लाष्टिकको घर निर्माण गरी तरकारी फलाउँछन् । जिल्लाका अन्य वस्तीमा कमै मात्र किसान तरकारी खेतीमा लागेको पाइन्छ । तर हिल्दुम गाउँका ५६ घरधुरी सबैले तरकारी फलाउँछन् । गाउँमा फलेको साग, धनियाँ, काउली, बन्दाले सदरमुकाम सिमकोटमा राम्रो बजार पाउनुका साथै विक्री हुने गरेको छ । किसानी काममा पुरुषको रुची कमै देखिने गरेपनि महिलाको आकर्षण बढ्दो देखिएको छ ।

**-इहिमालय टाइम्स डटकम**

# '५ हजार बोट सुपारी लगाएको छु, बजारको चिन्ता छैन'



इलामको माई नगरपालिका ९ चिसापानीका किसान श्रीमान राईले करिब ५० रोपनी जग्गामा सुपारी खेती गरेका छन् । उनको सुपारी बगानमा ५ हजार बोट छन् । 'केहीमा फल लागेको छ भने केही फल्ने अवस्थामा छन्,' उनले भने, 'व्यापारी बगानमा नै आएर खरिद गर्ने भएकाले बजारको चिन्ता छैन। काँचो सुपारी बगानबाटै प्रतिकिलो ५० रूपैयाँका दरले बिक्ने गरेको छ ।' घर आँगनका डिलदेखि खेतबारी र पाखामा सुपारी रोपेर आयआर्जन गर्ने बताउँदै उनले नयाँ बोट थप गरी खेती विस्तार गर्ने योजनामा आफू रहेको सुनाए । 'यस वर्ष सुपारी बेचेर तीन लाख रूपैयाँ आम्दानी भयो, सुपारीले तरकारी र अन्य बालीलाई क्षति नपुऱ्याउने र छहारीको काम गर्ने भएकाले दोहोरो फाइदा लिन सकिन्छ,' उनले भने, 'बहुवर्षे नगदे बाली सुपारीको एकै बोटबाट ५० केजीसम्म उत्पादन गर्न हुन्छ, यसलाई अझ विस्तार गर्ने योजनामा छु ।' अर्का किसान कृष्ण लिम्बूले पनि अन्न फल्ने जग्गामा पाँच सय बोट सुपारी रोपेका छन् ।

करिब १० रोपनी जग्गामा उनले ५ सय बोट सुपारी रोपेका छन् । थोरै लगानी र कम मेहनतमा नै व्यावसायिक खेती गर्न सकिने भएकाले सुपारी खेती सुरू गरेको उनले बताए । 'धेरै मेहनत र लगानी नपर्ने भएकाले सुपारीखेती सुरू गरेको हुँ,' उनले भने, 'बिक्रीको चिन्ता छैन, व्यापारी घरमा नै आउँछन्, प्रतिकिलो ३० देखि ५० रूपैयाँसम्ममा बगानबाटै बिक्री हुन्छ ।' उनले यस वर्ष सुपारी खेतीबाट एक लाख आम्दानी गरेको सुनाए । 'छिमेकीले सुपारी खेतीबाट मनग्ये आम्दानी गरेपछि अर्का किसान चक्र येक्तेनले पनि व्यावसायिक सुपारी खेती सुरू गरेका छन् । उनले माम्मा फिपरानी स्मृति कृषि तथा पशुपालन फार्म' दर्ता गरी करिब १५ रोपनी जमिनमा सुपारी खेती गरेका छन् । उनले एक हजार सुपारीका बोट लगाएका छन् ।'मैले १५ रोपनी जग्गामा एक हजार बोट सुपारी रोपेको छु, बिरूवा हुर्कँदै छन्,' उहाँले भने, 'नयाँ बगान भएकाले फल भने लागको छैन ।' यहाँका करिब ७० घर किसानले व्यावसायिक रूपमा सुपारी खेती गर्दै आएका छन् ।

कम मेहनत र थोरै लगानीमा नै मनग्ये आम्दानी हुने भएपछि चुरे क्षेत्रका किसान व्यावसायिक सुपारी खेतीमा आकर्षित भएका छन् । बाँझो जग्गा सदुपयोग गर्दै किसानले व्यावसायिक रूपमा सुपारी खेती सुरू गरेका हुन् । उनीहरूले खेतबारी र पाखामा सुपारी रोपेर आयआर्जन गर्न थालेका हुन् । सुपारीले अन्य बाली लगाउन असर नगर्ने भएकाले यसप्रति किसानको आकर्षण बढेको हो । प्राय : सबै परिवारले सुपारी खेती गर्न थालेको स्थानीय तीर्थ साउदेनले बताए । इलाममा सुपारीको खेती विस्तार आएको छ । यस वर्ष इलाममा छ सय १० मेट्रिक टन सुपारी उत्पादन भएको कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख रामजुगल यादवले जानकारी दिए । इलाममा दुई सय हेक्टर क्षेत्रमा व्यावसायिक सुपारी खेती हुँदै आएको यादवले बताए । जिल्लाको माई नगरपालिकाका बोरूङ, चिसापानी, दानाबारी, महमाई, माङसेबुङ गाउँपालिकाका बाँझो, सिङफेरे, मार्चेबुङ, रोङ गाउँपालिका र चुलाचुली गाउँपालिकाका किसानले सुपारीको व्यावसायिक खेती गर्दै आएका छन् ।

*-रासस*

# बाली जोगाउन किसानलाई भोटे कुकुर



**अर्घाखाँची,** चैत१०/पाणिनी गाउँपालिका पोखराथोकमा वन्य जन्तुबाट बाली जोगाउन किसानलाई भोटे कुकुर वितरण गरिएको छ ।

पाणिनी गाउँपालिका-२ पोखराथोकमा किसानका मागका आधारमा शुद्ध नश्लका नौ वटा भोटे कुकुर वितरण गरिएको वडाध्यक्ष चन्द्रकान्त पौडेलले बताए । बाँदर, बँदेल, दुम्सी लाग्ने क्षेत्रका सबै गाउँ समेटिने गरी किसानका मागका आधारमा भोटे कुकुर वितरण गरिएको जनाइएको छ । बाँदरका कारण बाली जोगाउन मुस्किल भएका तथा वन्यजन्तुबाट हैरानी खपेका किसान पनि भोटे कुकुर पाएपछि खुशी भएका छन् । पोखराथोकका किसान भाष्करराज पौडेलले भने,'वन्यजन्तुबाट खेतीपाती तथा फलफुल जोगाउन मुस्किल छ । बाँदर तथा वन्ययजन्तुबाट पाइरहेको हैरानी भोगेका हामीलाई भोटे कुकुर पाएपछि खुसी भएका छौँ ।' किसानहरुको २५ प्रतिशत र वडा कार्यालयको ७५ प्रतिशत लागतमा ती कुकुर वितरण गरिएको हो । वडा अध्यक्षसहित गाउँपालिकाको कृषि तथा पशु शाखाका प्राविधिकहरु समेतले धादिङ भोटे कुकुर क्लव अफ नेपाल, पोखरा महानगर पालिकाको वडा नं २१ र माछापुच्छे गाउँपालिकाबाट खरिद गरी ल्याइएका ती भोटे कुकुर किसानलाई एक कार्यक्रममार्फत वितरण गरिएको हो । सबै कुकुरको स्वास्थ्य प्रतिवेदन, डीएनए परीक्षण भइसकेको वडा अध्यक्ष पौडेलले जानकारी दिए । चालिसदेखि ६० दिनसम्मका कुकुरहरुको खरिद मूल्य प्रतिकुकुर ३५ हजार छ । बाँदर र बँदेल जस्ता वन्यजन्तुले सताउन थालेपछि अर्घाखाँचीसहित पहाडी जिल्लाका मानिसहरुको बढ्दो बसाइसराइ रोक्न यो कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमाकान्त न्यौपानेले बताए । **-रासस**

# कमल राष्ट्रिय सुकर्म पुरस्कार डा. रचेललाई

**पाल्पा,** चैत १०/'कमल राष्ट्रिय सुकर्म पुरस्कार २०८०' डा. रचेल कारखलाई प्रदान गरिएको छ । शिक्षा स्वास्थ्य र साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल पाल्पाले उक्त पुरस्कार युनाईटेड मिसन अस्पतालकी निर्देशक कारखलाई प्रदान गरेको हो ।



'कमल राष्ट्रिय सुकर्म पुरस्कार' बाट पुरस्कृत हुँदै डा. रचेल कारख ।
**तस्विर : भरत शर्मा/एनजेडी**

प्रतिष्ठानले शनिबार तानसेनमा एक औपचारिक कार्यक्रमका बिच पुरस्कार स्वरुप ५१ हजार नगद दिएको छ । कार्यक्रमका प्रमुख अतिथि लेखक/साहित्यकार झपेन्द्र बहादुर जिसीले उक्त राशीको पुरस्कार कारखलाई प्रदान गरेका हुन् । पुरस्कार प्रदान गर्दै साहित्यकार जिसीले प्रतिष्ठानले स्वास्थ्यको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएकी डा. कारखलाई पुरस्कृत गरेर पुरस्कारको कदर गरेको बताए । पुरस्कार वितरणले सच्चा व्यक्तिको छनौट भएकोमा उनले खुसी व्यक्त गरे । विशिष्ट अतिथि प्रतिष्ठानका संरक्षक एवं पुरस्कारदाता प्रकाश राज रेग्मीले पिता कमलराज रेग्मीले गरेको राजनीति, सामाजिक र साहित्यक सेवालाई चिरस्थायी बनाउन पुरस्कार स्थापना गरेको बताए । उनले ममतामयी माता विमला रेग्मी नर्स समेत रहेकाले उनको स्मृतिमा नर्सिङ पुरस्कार र विद्यार्थीहरूलाई छात्रवृत्ति समेत प्रदान गर्ने गरेको बताए ।

रेग्मीले आगामी दिनमा पनि यसलाई निरन्तरता दिर्दै जाने प्रतिवद्धता जनाए । पुरस्कृत डा. कारखले आफु विदेशी नागरिक भए पनि योगदानको आधारमा पुरस्कृत गरेकोमा प्रतिष्ठानप्रति आभार व्यक्त गरिन् । कार्यक्रममा नेपाल पत्रकार महासंघका उपाध्यक्ष भरत शर्मा, तानसेन -८ का वडा अध्यक्ष तथा साहित्यकार सोमनाथ अर्याल, मिसन अस्पतालका प्रमुख प्रशासकीय अधिकृत जीवन भट्टराई लगायतले सम्मानित व्यक्तित्वलाई बधाई ज्ञापन गर्दै प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको कामना गरेका थिए । कार्यक्रममा प्रतिष्ठानका सदस्य भोजराज भट्टराईले पुरस्कृत व्यक्तित्व छनौट प्रक्रिया र डा. रचेल कारखका बारेमा प्रकाश पारेका थिए । साहित्यकार रामप्रसाद अर्यालले स्व. कमल राज रेग्मीको योगदान र सदावहार कमलको सुवास कृति माथि चर्चा गरे ।

साहित्यकार कमल खत्रीले स्व. विमला रेग्मीको योगदान र आमाका अविस्मरणीय अतित र म कृति माथि प्रकाश पारेका थिए । प्रतिष्ठानका अध्यक्ष साहित्यकार पुष्कर अथक रेग्मीको अध्यक्षता र उपाध्यक्ष रोहित प्रसाद ज्ञवालीको स्वागत, प्रतिष्ठानका महासचिव चन्द्रकान्त न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो । साहित्यकार स्व. कमल राज रेग्मीको स्मृतिमा सुपुत्र प्रा.डा. प्रकाश राज रेग्मीद्वारा स्थापित कमल राज रेग्मी बर्ष पुरस्कारको नाम रूपान्तर गरी यस वर्षदेखि 'कमल राष्ट्रिय सुकर्म पुरस्कार' नामकरण गरिएको हो । यस अघि रेग्मी बर्ष पुरस्कारका रुपमा साहित्यकार झपेन्द्र बहादुर जि.सी., बैधराज विश्वमान बज्राचार्य , समाजसेवी राधा भारती, कलाकार अशोक मान सिंह र शिक्षाविद बुद्धिप्रसाद शर्मा सम्मानित भइसेका छन् । प्रतिष्ठानले यो पुरस्कार विभिन्न अवसर पारेर विगत ६ वर्षदेखि प्रदान गर्दै आइरहेको छ ।


## जोखुमखोर सिचाई योजना उपभोक्ता समिति

कालिगण्डकी गाउपालिका वडा नं. ४. गुल्मी

### शिलवन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/११

गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिकामा कालीगण्डकी गाउँपालिकाको वडा नं. ४ स्थित यस जोखुमखोर सिंचाई योजना निर्माण गर्न विभिन्न किसिमका निर्माण सामग्रीहरू सिमेन्ट, रड, बेर्नाडिन तार, काटी खरीद गर्नुपर्ने भएकोले उक्त आयोजना निर्माण स्थल कालीगण्डकी गाउँपालिका वार्ड नं. ४, जोखुम, गुल्मी सम्म आपुर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका उत्पादक, आधिकृत विक्रेता तथा वितरकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फारम बापत नगद रु. ३,०००।- (फिर्ता नहुने गरी जम्मा गरी तल उल्लेखित स्थानहरू बाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारमका साथ उद्योग फर्म दर्ताको प्रमाणपत्र, उद्योग फर्म भ्याटमा दर्ता भएको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकृत) तथा फारम दस्तुर तिरेको रसीद पेश गर्नु पर्नेछ। शिलवन्दी बोलपत्र खाम बाहिर बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनु पर्नेछ।
३. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (भ्याट बाहेक) अंक र अक्षर दुवैमा स्पष्ट गरी लेखिएको हुनु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन।
४. बोलपत्र फारममा उल्लेख गरिएका सामग्रीहरूका लागि ढुवानी खर्च, भ्याट र लोड अनलोड सहित कुल लागत रकम रु. २०३८,२७०/- (अक्षरुपी विस लाख अडतिस हजार दुई सय सत्तरी रूपैया मात्र मा नबढाई हुनु पर्नेछ। आफूले आपूर्ति गर्न सकिने उल्लेखित सामग्रीको गुणस्तरीय कम्पनी ब्राण्ड अनिवार्य रुपमा बोलपत्रमा खुलाउनु पर्नेछ अन्यथा उक्त बोलपत्र अन्य भन्दा कम दरभाउ भएता पनि रद्द गर्न सकिनेछ।
५. बोलपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनु पर्नेछ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।
६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम मितिको तेस्रो दिन दिउँसो १:०० बजे उपभोक्ता समितिका प्रतिनिधीहरू, कार्यालयका प्रतिनिधीहरू र बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधीको उपस्थितीमा कालीगण्डकी गाउँपालिका वडा नं. ४ पुर्तिघाट स्थित गाउँपालिकाका कार्यालयमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थितमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन। तर सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ।
७. बोलपत्रमा आफूले कबोल गरेको रकमको २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरूप नेपाल सरकारबाट मान्यता प्राप्त कमर्सियल बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधी भएको बैंक ग्यारेण्टी (Bid Bond) का उपभोक्ता समितिको कुमारी बैंक बैंकको खाता हि. नं. ०८६०१२३७३८५०००१ मा रकम दाखिला गरेको बैंक भौचर बोलपत्र दर्ता गर्दा पेश गर्नु पर्नेछ।
८. सामान आपूर्ती गर्दा नियमानुसार लाग्ने सबै करहरू सप्लायर्सले नै तिर्नु पर्नेछ। उपभोक्ता समितिले कुल खरिद मूल्यको १.५% बराबर रकम अग्रीम आयकर बापत कट्टी गरी सप्लायर्सलाई भुक्तानी गर्नेछ। उक्त रकम राजश्वमा दाखिला भएको रकमको भौचरको प्रतिलिपी पछि सप्लायर्सलाई उपलब्ध गराइनेछ।
९. म्याद नाघी वा रीत नपूगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
१०. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयहरूमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
११. फाराम बुफाउने अन्तिम मिति २०८०/१२/२६ गते कार्यालय समय भित्रमा हुनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थान

१. जोखमखोर सिंचाइ योजना उपभोक्ता समिति, फोन न. ९८४३१९३५३२

कालीगण्डकी गाउँपालिकाको कार्यालय, पुर्तिघाट



## फागु पर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

लुम्बिनी प्रदेश सरकार

**गृह मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल


## 'पर्यटनमा स्वावलम्बी...

उनले पर्यटन क्षेत्र फराकिलो क्षेत्र भएकाले यसमा पूर्णविराम नलाग्ने भन्दै यस क्षेत्रको विस्तारका लागि निरन्तर व्यक्तिको व्यवसायिक शैली र सोचमा परिवर्तन आवश्यक हुनेमा जोड दिए ।

आन्तरिक पर्यटन भनेकै अन्तर्राष्ट्रिय पर्यटनको जग भएकाले आन्तरिक पर्यटन प्रर्वद्धनतर्फ स्थानीय सरकार र सरोकारवालाहरु नै लाग्नुपर्ने शाक्यको भनाई छ । कार्यक्रममा प्रतिनिधि सभा सदस्य ठाकुर प्रसाद गैरेले आफ्नो सामर्थ्य चिन्न सके परिवर्तन सम्भव भएको औंल्याए । 'परिवर्तनको थालनी आफैंबाट गरे सम्भव छ । तर हामी आफ्नै सामर्थ्य चिन्न नसक्दा पछाडी परिरहेका छौं' गैरेले भने,'प्राचीन सम्पदालाई वर्तमान समृद्धिसँग जोड्न आवश्यक छ ।' जलवायु परिवर्तनको असरले समाजमा भएको स्वच्छ वातावरण र सम्पदा विनासतर्फ गएकाले संरक्षणका लागि सरकार, निजी क्षेत्र र सरोकारवालाबाट सामुहिक प्रत्यत्न आवश्यक रहेको उनको भनाई छ । लुम्बिनी प्रदेश सांसद वीरबहादुर रानाले संयमता र धैर्यले व्यक्तिलाई महान बनाउने भन्दै सकरात्मक दृष्टिकोणबाट सम्पदा र संस्कृति संरक्षणमा सरोकारवाला निकायले प्रण गर्न आवश्यक रहेको औंल्याए । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठ, रेडा पाल्पाका निर्देशक लिला कार्की लगायतले कर्ण शाक्यको सकरात्मक सोचको अनुभवलाई विकास र समृद्धिसँग जोड्न आवश्यक रहेको बताए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष शान्ति बस्यालले कर्ण शाक्यको बारेमा संक्षिप्त चर्चा गरेकी थिइन् । संस्थाका अध्यक्ष धनिश्वर बस्यालको अध्यक्षता, सदस्य दोर्ण बस्यालले संस्थाको गतिविधि, उपाध्यक्ष भेषराज सुवेदीको स्वागत, सचिव गंगाबहादुर खत्रीको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## सन्तोष चलचित्र मन्दिरमा...




सन्तोष चलचित्र मन्दिर तानसेनमा चैत्र ९ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ नेपाली चलचित्र **'महाजात्रा'** ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेस्रो सो साझ ५:३० बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई